# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना

नेपाल सरकारले भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६घ१. ले दिएको अधिकार प्रयोग गरी नेपाल राजपत्र भाग ५ खण्ड ६६ संख्या २२ मिति २०७३/५/६ को सूचना बमोजिम मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद सो सूचना प्रकाशन भएको मितिले एक वर्ष सम्म तोकेको तथा नेपाल राजपत्र भाग ५ खण्ड ६७ संख्या ३८ मिति २०७४/७/२४ को सूचना बमोजिम त्यसरी निवेदन दिने म्याद पुनः मिति २०७४/५/५ देखि मिति २०७५/५/४ सम्म तोकेकोमा त्यसरी निवेदन दिने म्याद यो सूचना प्रकाशन भएको मितिले एक महिनासम्म तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

गोपीनाथ मैनाली

नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३